# कोशी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बर्द्रीपुल, सुनसरी

कोशी प्रदेश, नेपाल

पत्र संख्याः ०८२/८३
चलानी नं ६५८५

मितिः २०८२।१०।२२

श्री सामुदायिक, धार्मिक तथा संस्थागत विद्यालयहरु सबै,
कोशी गाउँपालिका, सुनसरी ।

विषयः IEMIS मा कक्षा ८ को विवरण अद्यावधिक गरी आवेदन फारम पेश गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा शै.स. २०८२ मा कोशी गाउँपालिका, सुनसरीको गाउँपालिका स्तरीय आधारभूत तह उत्तीर्ण परीक्षा कक्षा ८ को परीक्षामा सहभागी हुने विद्यार्थीको विवरण देहाय अनुसार पूर्ण रुपमा अद्यावधिक गरी **२०८२ फाल्गुन 15 गतेभित्र** उल्लेखित कागजातहरु शिक्षा शाखामा पेश गर्नुहुन अनुरोध छ।

१. सर्वप्रथम Web side मा http://emis.cehrd.gov.np मा गई User name मा आफ्नो विद्यालयको IEMIS code र Password राखी Login गर्ने। Login गरेपश्चात Dashboard खुल्छ।
२. कक्षा ८ को विद्यार्थी विवरण सच्याउनको लागि Student Record अन्तर्गत Student information मा click गर्ने। Year २०८२ र Class 8 select गरी load मा click गर्ने। विवरण अनिवार्य रुपमा जन्मदर्ता अनुसार मिल्नुपर्छ। सच्याउनु पर्ने अवस्था छ भने Action अन्तर्गत edit मा click गरी सच्याउन सकिन्छ, (कुनै विद्यार्थी अर्को विद्यालयमा गएको छ भने Transfer मा click गर्ने), (पढ्न छाडेका भए Not in School मा click गर्ने) र अध्ययनरत सबै विद्यार्थीहरुको फोटो अनिवार्यरुपमा अपलोड गर्ने ।
३. सबै विद्यार्थीको विवरण सच्याईसकेपछी Manage Exam अन्तर्गत Application Form मा click गरी विषय र विवरण सहि भएको एकीन भएमा Form प्रिन्ट गर्ने। त्यसपछी (सिम्बल नं. शिक्षा शाखाबाट generate भएपछि मात्र) Admit Card मा गई प्रवेश पत्र २ प्रति प्रिन्ट गरी प्र.अ.ले अनिवार्य रुपमा प्रमाणित गर्नुपर्ने।
४. संस्थागत विद्यालयहरुले कक्षा ८ मा अध्ययनरत प्रति विद्यार्थी रु. १०००/- (एक हजार रुपैया मात्र) का दरले राजस्व दाखिला गरेको भौचर पेश गर्नुपर्ने।

**आवेदनका साथ अनिवार्य पेश गर्नुपर्ने कागजातहरु:**

१.विद्यालयको कभरलेटर २. सिम्बल नं. कायम गरेको प्रमाणित समष्टीगत विवरण (manage exam भित्र control sheet प्रिन्ट गरी प्रमाणित भएको) ३. आवेदन फारम ४. जन्मदर्ताको प्रमाणित प्रतिलिपि ५. कक्षा ७ उत्तीर्ण प्रमाणित प्रतिलिपि ६. संस्थागत विद्यालयको हकमा चालू आ.व. को विद्यालय नवीकरण गरिएको प्रमाण र परीक्षा शुल्क बुझाएको रसिद) ७.वि.स.२०७० साल चैत मसान्तसम्मको जन्ममिति भएका विद्यार्थीहरुमात्र परीक्षामा सहभागी हुन पाउनेछन)८.परीक्षा केन्द्र निर्धारण तथा ग्रेडबृद्धि परीक्षा सम्बन्धी अन्य विषयहरु पछि जानकारी गराइनेछ।

२०८२।१०।२२

.....................

सुर प्रसाद दंगाल
प्रमुख प्रशासकीय अधिकृत

सुर प्रसाद दंगाल
प्रमुख प्रशासकीय अधिकृत

बाबुराम कार्की
अधिकृत आठौं